# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## बालाजु, काठमाडौँ

## खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्न दरखास्त आह्वान गरिएको सूचना

**(प्रकाशित मिति : २०७८।०६।२२)**

यस लिमिटेडको स्वीकृत दरबन्दीमा रिक्त रहेका तपसिलका पद, नाम, तह र सेवा/समूह/उपसमूहमा खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णय बमोजिम तोकिएको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ। खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षामा सहभागी हुनका लागि यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र परीक्षा दस्तुर बापतको रकम जम्मा गरी आवेदन दिनुपर्नेछ। दरखास्त फाराम यस लिमिटेडको वेबसाईट (www.idm.org.np) बाट प्रिन्ट गरी भर्न सकिनेछ। दरखास्त फाराम भर्ने सम्बन्धमा कुनै द्विविधा भएमा प्रशासन शाखामा सम्पर्क गर्नसकिनेछ। तोकिएको अवधिभित्र आवेदन पेस नगरेका वा रीतपूर्वक दरखास्त फाराम नभरेका उम्मेदवारहरू परीक्षामा सहभागी हुन नपाउने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | खुला | समावेशीतर्फ | | | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ.ज. | दलित | |
| १. | १४/०७८/०७९ | वरिष्ठ सहायक | ५ | प्रशासन | – | १ | – | – | प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| २. | १५/०७८/०७९ | सब इन्जिनियर | ५ | प्राविधिक/ सिभिल | २ | – | १ | – | सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| ३. | १६/०७८/०७९ | असिस्टेन्ट सब इन्जिनियर | ४ | प्राविधिक/ सिभिल | १ | १ | – | – | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सिभिल इन्जिनियरिङ वा प्लम्बिङ विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा सम्बन्धित विषयमा टी.एस.एल.सी. उत्तीर्ण वा टी.एस.ई.ई. मा कम्तीमा सी ग्रेड प्राप्त गरेको। |
| ४. | १७/०७८/०७९ | सहायक प्राविधिक | २ | प्राविधिक/ ईलेक्ट्रिकल | २ | – | – | १ | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा कम्तीमा तीन महिनाको तालिम प्राप्त वा टी.एस.ई.ई. मा कम्तीमा सी ग्रेड प्राप्त। |
| ५. | १८/०७८/०७९ | सहायक प्राविधिक | २ | प्राविधिक/ सिभिल | २ | १ | १ | – | एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सिभिल इन्जिनियरिङ वा प्लम्बिङ विषयमा कम्तीमा तीन महिनाको तालिम प्राप्त वा टी.एस.ई.ई. मा कम्तीमा सी ग्रेड प्राप्त। |

**थप जानकारी :**

१. **सेवाको किसिम** : स्थायी।
२. **सेवाको सर्त, तलब, भत्ता तथा सुबिधा** : लिमिटेडको नियमानुसार हुनेछ।
३. **कामको किसिम र काम गर्नुपर्ने क्षेत्र** : प्रचलित कानूनको अधिनमा रही लिमिटेडले तोके बमोजिम हुनेछ।
४. **परीक्षा दस्तुर** : विज्ञापन नं. १४ र १५ को हकमा रु. ४००/–, विज्ञापन नं. १६ को हकमा रु.३००/– र अन्यको विज्ञापनको हकमा रु.२००/– दस्तुर लाग्नेछ। एक भन्दा बढी समूहमा दरखास्त दिंदा प्रत्येक समूहको पदका लागि ५० प्रतिशत थप दस्तुर बुझाउनुपर्नेछ।
५. **उम्मेदवारको उमेरको हद** : उम्मेदवारले दरखास्त दिने अन्तिम मितिसम्म उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला र अपाङ्ग उम्मेदवारको हकमा उमेरको हद ४० वर्ष हुनेछ। यस लिमिटेडमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन।
६. **दरखास्त फाराम भर्ने अवधी** : मिति २०७८/०६/२२ देखि २०७८/०७/२० सम्म। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन।
७. **दोब्बर दस्तुर तिरी फाराम भर्ने** : दरखास्त फाराम भर्ने ३० दिनभित्र दरखास्त फाराम बुझाउन नसक्ने व्यक्तिको हकमा दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र दरखास्त फाराम बुझाउन सकिनेछ। तर दरखास्त दिने अन्तिम मिति पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र तथा उमेरको हद मान्य हुनेछैन।
८. **दरखास्त फाराम बुझाउने स्थान** : काठमाडौँ उपत्यकाको हकमा यस लिमिटेडको केन्द्रीय कार्यालय, बालाजु र उपत्यका बाहिरको हकमा यस लिमिटेड अन्तर्गतका कार्यालयहरूमा बुझाउन सकिनेछ।
९. **समावेशी तर्फ दरखास्त पेस गर्ने आधार** : समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिने उम्मेदवारहरुले आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको आधारमा र एक जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात। दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको आधारमा, एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराएको कागजात।
१०. **उम्मेदवारको छनोट विधि** : उम्मेदवारहरूको छनोट लिखित परीक्षा, कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ताबाट हुनेछ। आवेदन स्वीकृत भएका उम्मेदवारहरू मात्र लिखित परीक्षामा र लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले मात्र कम्प्युटर सिप परीक्षण र अन्तर्वार्तामा सहभागी हुन पाउनेछन्।
११. **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थान** : उपरोक्त विज्ञापनहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाडौँमा सञ्चालन हुनेछ। लिखित परीक्षाको प्रक्रिया, समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। लिखित परीक्षाका लागि सम्पर्क मिति पछि प्रकाशन गरिनेछ।
१२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरूको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ।
१३. **परीक्षणकालको अवधी** : पुरुष कर्मचारीका लागि १ वर्ष र महिला कर्मचारीका लागि ६ महिना परीक्षणकाल अवधी रहनेछ। लिमिटेडमा कार्यरत स्थायी कर्मचारीको हकमा पुनः परीक्षणकाल लागू हुनेछैन।
१४. **पाठ्यक्रम** : सबै पदहरूको लिखित परीक्षाको पाठ्यक्रम लिमिटेडको वेबसाइट **www.idm.org.np** मा राखिएको छ।

**सदस्य सचिव**
पदपूर्ति समिति